**REGIONAL NEWS UNIT**

**BROADCAST: 18:40 hrs** **Date: 17.07.2025**

**यो आकाशवाणी गान्तोक हो।**

- **Promising Clean Cities Award to MNP**

शहरी स्वच्छता र सरसफाईको प्रयासका रूपमा सिक्किम राज्यको मंगन नगर पञ्चायतलाई समर्थ स्वच्छ शहर पुरस्कार प्राप्त भएको छ। नयाँ दिल्लीको विज्ञान भवनमा आयोजित स्वच्छ सर्वेक्षण पुरस्कार २०२४-२५-को अवसरमा केन्द्रिय आवास तथा शहरी मामिला मन्त्री मनोहर लाल खट्टरले यो पुरस्कार प्रदान गर्नुभएको हो। मगन नगर पञ्चायतले ठोस फोहोर प्रबन्धन, स्वच्छता पूर्वाधार र सामुदायिक सहभागितामा गरेको उत्कृष्ट प्रदर्शनका लागि सराहना गरिएको छ।

यो पुरस्कार शहरी विकास विभाग मन्त्री भोजराज राईले मंगन नगर पञ्चायतकी अध्यक्ष नोरकित लेप्चा, पार्षद प्रेमकित लेप्चा र विभागीय आयुक्त एवं सचिव जितेन्द्र सिंह राजेको उपस्थितिबीच ग्रहण गर्नुभएको हो।

यसका साथै स्वच्छ भारत मिसन – शहरीअन्तर्गत विश्वको व्यापक शहरी सरसफाई सर्वेक्षण, स्वच्छ सर्वेक्षण २०२४ संस्करणको समापन भएको छ। यस वर्षको सर्वेक्षणमा देशभरिका पैंतालीस सयभन्दा अधिक शहरी स्थानीय निकायहरूले सहभागिता जनाएका थिए।

पुरस्कार समारोहपछि केन्द्रिय मन्त्री श्री खट्टरले मन्त्रालयअन्तर्गतका विभिन्न योजनाहरूको कार्यान्वयन सम्बन्धमा राज्यका मन्त्री र अधिकारीहरूलाई लिएर बसेको समीक्षा बैठकको अध्यक्षता गर्नुभयो।

---------------------------------------X---------------------------------------

- **Press Foundation Day**

वरिष्ठ पत्रकार कर्म साम्तेन पाल्जोरलाई यस वर्षको कञ्चनजङ्घा कलम पुरस्कार प्रदान गरिएको छ। प्रेस क्लब अफ् सिक्किमको तेहीसौं स्थापना दिवसको अवसर आज चिन्तन भवनमा आयोजित कार्यक्रममा मुख्य अतिथिका रूपमा उपस्थित ग्रामीण विकास विभाग मन्त्री अरुण उप्रेतीको बाहुलीद्वारा डिजिटल मिडिया इस्ट मोजोका सह संस्थापक पाल्जोरलाई पुरस्कार स्वरूप अंगवस्त्र, अभिनन्दन पत्र, स्मृति चिन्ह र एक लाख एक हजार रूपियाँसहित सम्मान जनाइयो। यसबारे बोल्दै प्रेस क्लब अफ सिक्किमका अध्यक्ष भिम रावत यसो भन्नुहुन्छ..........

यसैगरी, फोटो जर्नलिस्ट पेमा वाङछेन लामालाई लगनशील युवा पत्रकार पुरस्कार साथै राज्यमा लामो समयदेखि पत्रकारिताको क्षेत्रमा योगदान पुऱ्याउँदै आएका चारजना अन्य पत्रकारलाई पत्रकारिता सेवा गौरव सम्मानले सम्मानित गरियो। सम्मानितहरूमा एसके खवास, चित्र बहादुर छेत्री, बिनोद तामाङ र नरेन्द्र राई सामेल छन्। यसैगरी, नाम्चीका समाचार पत्र विक्रेता मोहम्मद रमजानलाई समाचार पत्र वितरक सम्मानले सम्मानित गरियो। कार्यक्रममा हालै डा. शोभाकान्ति थेगिम पुरस्कारले अभिनन्दित पत्रकार एवं कवि प्रविण खालिङलाई सम्मानित गरियो।

मुख्य अतिथि मन्त्री श्री उप्रेतीले आफ्नो सम्बोधनमा मुख्यमन्त्री प्रेमसिंह तामाङको अगुवाईमा सिक्किम सरकारले राज्यका पत्रकारहरूको सशक्तिकरणको लागि थुप्रै महत्वपूर्ण निर्णयहरू लिएको बताउनुभयोए।

---------------------------------------X---------------------------------------

- **Shravan Kumar Award**

मंगनका जिल्लाधीशको च्याम्बरमा आज श्रवण कुमार पुरस्कार २०२५-का लागि सम्भावित मनोनयनकर्ताबारे चर्चा गर्न मंगनका लागि जिल्ला स्तरीय प्रमाणीकरण समितिको बैठक बस्यो। ग्रामीण विकास विभागद्वारा डाकेको बैठकमा अन्य बाहेक जिल्ला अध्यक्ष कादो लेप्चा, अतिरिक्त जिल्लाधीश पेमा वाङ्छेन नामकर्पा हुनुहुन्थ्यो।

राज्य सरकारले शुरू गरेको श्रवण कुमार पुरस्कार प्रत्येक वर्ष स्वतन्त्रता दिवसमा प्रदान गरिन्छ। यो पुरस्कार आफ्ना माता-पिताको निस्वार्थ सेवा गर्ने र श्रवण कुमारको भावनालाई मूर्त रूप दिने छोरालाई प्रदान गरिन्छ। प्रत्येक ग्राम पञ्चायत एकाईबाट चयनित भएका योग्य व्यक्तिलाई एक लाख नगदसहितको पुरस्कार प्रदान गरिन्छ।

यस वर्ष चयनित नभएका अथवा आवेदन नदिएकाहरूले अर्को वर्ष पुनः आवेदन गर्न सक्नेछन् भने सरकारी नोकरीमा हुनेहरू यसका निम्ति योग्य हुनेछैनन्।

---------------------------------------X---------------------------------------

- **Mandaviya-Khelo India**

केन्द्रिय युवा मामिला तथा खेल मन्त्री डाक्टर मनसुख माण्डवियाले आज नयाँ दिल्लीमा खेलो भारत सम्मेलनको उदघाटन गर्नुभयो। यस अवसरमा उपस्थित मानिसहरूलाई सम्बोधन गर्दै उहाँले खेलहरूलाई एउटा जन आन्दोलन बनाउनमा रहेको आवश्यकतामाथि जोड़ दिनुभयो। उहाँले भन्नुभयो, जनता, खेल महासंघ, राज्य सरकार र केन्द्र सरकारसहित सबै हितधारकहरूको सामूहिक प्रयासबाट भारतले यसलाई प्राप्त गर्न सक्छ।

---------------------------------------X---------------------------------------

- **Kailash Mansarobhar Yatra**

सिक्किमको नथुलाबाट यस वर्षदेखि पुनः शुरु भएको कैलास मानसरोवर यात्राअन्तर्गत छैटौं चरणको यात्राका निम्ति श्रद्धालुहरू गान्तोक आइगुपेगा छन्। यस यात्रालाई सफल तुल्याउनका निम्ति विभिन्न संघ-संस्थाहरू लागि परेका छन्। यसै सिलसिलामा भारतीय संचार निगम लिमिटेड (BSNL)-ले आफ्नो सेवा प्रदान गर्ने क्रममा भएको तक्निकि गड्बड़ीलाई पुनःसुचारू गरेको छ।

---------------------------------------X---------------------------------------

- **Awareness Camp**

पाकिम जिल्लाको पशुपालन एवं पशु चिकित्सा सेवा विभागले आज पशु रोग नियन्त्रण हेतु राज्य सहायता योजनाअन्तर्गत कार्थोक नामचेबुङ दुग्ध उत्पादन केन्द्रमा जागरूकता शिविर आयोजन गरियो। विभागकी संयुक्त निदेशक डाक्टर किन्चोकला भोटियाको नेतृत्वमा सम्पन्न शिविरको उद्देश्य स्थानीय किसान र पशुपालकहरूलाई पशु रोगहरू लम्पी छाला रोग, अफ्रिकी स्वाइन फिभर र पोर्सिन प्रजनन तथा श्वासप्रश्वास लक्षण जस्ता बड्दो पशुरोगको खतराबारे शिक्षित गर्नु रहेको थियो।

---------------------------------------X---------------------------------------

- **Training on Heartfulness and Meditation**

PM श्री मंगन वरिष्ठ माध्यमिक विद्यालयमा हृदय-साधना तथा ध्यानमाथि यसै महिनाको चौध तारिकदेखि शुरू भएको तीन दिवसीय प्रशिक्षण कार्यक्रमको हिजो समापन भयो। मुख्य शिक्षा अधिकारी डेविड ग्यामछो लिङदोङको नेतृत्व अनि मार्गदर्शनमा भएको प्रशिक्षणमा मंगन जिल्लाभरिका नब्बेजना शिक्षकहरूले सहभागिता जनाए।

ध्यानसहित विभिन्न अन्य सत्रका साथ सम्पन्न प्रशिक्षणमा सबै शिक्षकहरूले सक्रियतापूर्वक सहभागिता जनाए। यो प्रशिक्षण शिक्षकहरूका निम्ति उनीहरूको व्यस्त समयबाट मुक्ति पाउने वरदान नै साबित भयो। सबै शिक्षकहरूले ज्ञान र अनुभव प्राप्त गर्नका साथै प्रशिक्षणको भरपूर लाभ उठाए। प्रशिक्षण समापनको अवसरमा प्रतिभागी शिक्षकहरूलाई प्रमाणपत्र प्रदान गरियो।

---------------------------------------X---------------------------------------